**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २५**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार २० गते शुक्रबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको पच्चीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत विभिन्न मन्त्रालयहरूसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीले दिने क्रम प्रारम्भ भएको बताउनुहुँदै कार्यसूची अनुसार सम्बन्धित माननीय मन्त्रीबाट जवाफ दिने क्रमलाई सामान्य हेरफेर गर्नुभएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) लाई युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) ले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै माननीय सदस्यहरूले एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) ले दिनुभएको जवाफको सम्बन्धमा कुनै पनि माननीय सदस्यहरूले स्पष्टीकरण सोध्न नचाहनु भएकोले युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याललाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. रामपृत पासवान २. मा. चक्र प्रसाद स्नेही ३. मा. जीवन बुढा

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याललाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री विना मगरलाई खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री विना मगरले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. रामपृत पासवान २. मा. अनिता देवकोटा ३. मा. खिम कुमार वि.क.

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय खानेपानी मन्त्री विना मगरलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. जीवन बुढा २. मा. प्रकाश पन्थ ३. मा. रामपृत पासवान

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईलाई शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय माननीय शहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. प्रकाश पन्थ
२. मा. रामपृत पासवान
३. मा. डा. विमला राई पौड्याल
४. मा. चक्र प्रसाद स्नेही

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय शहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शहरी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. रामपृत पासवान २. मा. प्रकाश पन्थ

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न अर्थमन्त्री डा. युवराज खतिवडालाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले दिनुभएको जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने व्यहोरा जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. सरिता प्रसाईं २. मा. रमेशप्रसाद यादव ३. मा. अनिता देवकोटा

४. मा. इन्दु कडरिया ५. मा. खिम कुमार वि.क.

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आगामी बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि माननीय सदस्यहरूले उठाउनु भएको विषयका सम्बन्धमा सम्बन्धित मन्त्रीबाट जवाफ दिने कार्यक्रम रहने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार २२ गते आइतबार विहान ११:०० बजे** बस्ने गरी **दिनको १:४५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव